नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २५ गते २०३२ साल

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालयको

सूचना

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा ३ को उप-दफा (३) को प्रयोजनको लागि निम्न मालवस्तु तोकिदिएकोले यो सूचना प्रकाशित गरेको छ।

मालवस्तु

खाद्यान्न र अन्य वस्तुहरू:–

(क) धान, चामल, गहुँ, तोरी, मकै, कोदो, पिठोहरू, च्यूरा, दालहरू, माछा, मासु

(ख) तेल, घ्यू, नून, मट्टितेल

(ग) जिरा, मरिच

(घ) चिया, चिनी

(ङ) स्किम्डमिल्क, बेबीफूड, बेबीमिल्क, हर्लिक्स र अन्य माल्टेड पेय पदार्थहरू

(च) चुरोट, सलाई र बिडी

(छ) टूथपेष्ट, टूथब्रुस, टुथपाउडर र रेजरब्लेड

(ज) साबुन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) क्याण्डफूडहरू

(ञ) ह्विस्की, वियर, रम, जिन

२. मिठाइहरू

३. औषधि

४. कापी, कागज, मसी, किताब, टाइपराइटरहरू, क्यालकुलेटिंग मेशिनहरू

५. जुत्ताहरू

६. छाता, लालटेन, लम्फा, स्टोभ, बेटरीहरू

७. निर्माणसम्बन्धी सामानहरू:–

(क) सिमेण्ट, फलामको रड

(ख) जस्तापाता, अस्बेस्टस् शीटहरू

(ग) सबै प्रकारका पाइपहरू

(घ) रंग रोगन

(ङ) प्लाइउड

(च) सिट ग्लास

(छ) कब्जा, छेस्किनी, अन्तराप

८. कपडाहरू:–

(क) गञ्जी, भित्री कटु, मोजा, स्वेटर, गलेवन्दी, कमिज

(ख) सबै मोटा बाना र मझौला बानाका कपडाहरू

९. मुख्य मुख्य पार्टपूर्जाहरू र टायर ट्यूब

१०. बिजुलीका सामानहरू

११. भाँडावर्तन

१२. साईकल र खेलकूदका सामानहरू

१३. तरकारीहरू

१४. माछा, मासु

मूल्यसूची राख्दा व्यापारीवर्गले ग्राहकहरूले जाँच गर्न सक्ने एकाइयुक्त सामानमा सोही सामानमा नै मूल्य अंकित गर्नु पर्ने र एकाइमा मूल्य अंकित हुन नसक्ने सामानको हकमा स्थायी रूपले स्पष्ट बुझिने गरी मूल्य लेखी मूल्यपाटी देखिने स्थानमा टांस्नु पर्नेछ ।

आधिकारिकता सम्बन्धी विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1028